दलित
# निगरानी
१५ दिने

वर्ष १, अङ्क ११, २०६६ (16-31 Dec.) सहयोग रु.


## यस अङ्कमा


गतिविधि - २

संविधान निर्माणमा मुक्ति समाजको भूमिका
आसन, रासन र शासन - ३

दस्तावेज
दलित भातृ संस्थाका आचार संहिता - ४

विचार/समितिको प्रतिवेदनमा दलित अधिकार
अहिलेसम्म हात लाग्यो शून्य
विश्वभक्त दुलाल 'आहुती' - ५

विचार
संघीयतामा दलित चासो
अनन्त यात्री - ६

प्रश्नोत्तर
नयाँ संविधान दलितले च्यात्नु नपरोस्
खड्गबहादुर बस्याल - ७

सभासद् चिनारी
उपप्रधानदेखि सभासद्सम्म - ८


सम्पादकीय

## स्थानीय स्रोतमा दलितको पहुँच

अहिले नेपालको दलित आन्दोलन लगभग पुरै परियोजनामुखि भएको छ । गैरसरकारी संस्थाहरू खोलेर वस्नेहरूले दाताहरूसँग परियोजनाको माग गरि संचालन गर्नु स्वाभाविक हो तर उनीहरूको कनिका छराईको प्रयास तथा त्यसमध्ये अधिकांश रकम जनचेतना वृद्धि गर्ने र त्यससँग सम्बन्धित तालिमहरू संचालन मै खर्च हुने भएकाले आम जनताले त्यस्ता तालिममा आएवापत पाउने खान र वस्नको सुबिधा र यातायात खर्च मात्रै हो । तालिम अबधीभरको उनीहरूको खर्च टरे पनि दिर्घकालीन रूपमा उनीहरूले आर्थिक लाभ पाउन सक्दैनन् । अहिले अधिकांश दलित वा गैरदलित संस्थाले परिचालन गर्ने कार्यक्रमहरू यस्तै प्रकृतिका रहेका छन् । यिनै कार्यक्रमको प्रतिफलको रूपमा त्यस्ता गैरसरकारी संस्थाहरूले संचालन गरेको क्षेत्र दलित जनता आफ्ना अधिकारप्रति सचेत भएका छन् । यी सवै कामहरू अहिले अधिकारमा आधारित पद्धतिको नाउँमा भएका छन् ।

अधिकारमा आधारित पद्धतिका दुइवटा पाटा हुन्छन् । एउटा अधिकारवालाहरूलाई उनीहरूको अधिकारको वारेमा सचेत वनाउँदै अधिकार प्राप्त गर्न सक्ने बनाउने र अधिकार प्रदान गर्ने निकाय ( सरकार) लाई दायित्व वोध गराउदै उनीहरूलाई जिम्मेवार वनाउने । तर, नेपालमा कुनै पनि सिद्धान्तको आधा बुझाई खतरनाक हुन्छ भने झैं अधिकाँश अधिकारमा आधारित पद्धतिमा काम गर्नेहरूले जनता उचाल्ने काम चाहिँ धेरै गर्ने तर सरकारलाई जिम्मेवार बनाउने काम कम गर्ने काम भएकाले जनतालाई सुनिश्चित गरिएको अधिकार पनि प्राप्त हुन सकेको छैन । त्यसमा दलितहरू पनि अपवादमा छैनन् ।

२०५१ सालमा शुरू भएका एमालेको ९ महिने सरकारको 'आफ्नो गाउँ आफैं वनाउँ' भन्ने कार्यक्रम माओवादीको पालामा आउँदासम्म परिमार्जित भएर 'आफ्नो गाउँ राम्रो वनाउँ' भन्ने भएको छ । तीन लाख रुपैया गाबिसले पाउँदै आएकोमा अहिले न्युनतम् १५ लाख र अधिकतम् ३० लाखसम्म पाउन थालेका छन् । सरदर २५ लाख मात्रै मान्ने हो भने पनि करिब चार हजार गाविसमा १० अर्ब रुपिया गइरहेको छ । माओवादी सरकार भन्दा अघिसम्म गाबिसमा जाने १० लाखमध्ये त्यसको १५ प्रतिशत रकम दलित, जनजाति, महिला, बालबालिका तथा अपांगहरूको मानवीय बिकासमा खर्च गर्न सकिने भन्ने थियो, तर अधिकांश गाविसहरूमा ती रकमहरू सम्बन्धित क्षेत्रमा अत्यन्तै कम खर्च भएको देखियो । जहा-जहा दलितलगायतका संघसंगठनहरू सक्षम र जुझारू छन्, त्यस्ता ठाउँमा दलितका लागि २० हजारदेखि ८० हजारसम्म दिइएको छ भने अधिकांश ठाउँमा दलितका लागि दिइनुपर्ने त्यस्ता रकम परम्परागत तरिकाले खर्च गरिएको छ । यस्तो प्रवृत्तिले गर्दा दलितहरूको उन्नतीमा राज्यको प्रत्यक्ष लगानी न्यून भयो । अर्कोतर्फ यस्ता रकम उनीहरूकै लागि आएको हो र उनीहरूलाई नै दिइनुपर्छ भन्ने चेतना भएन । जनचेतना अभिवृद्धि गर्नेहरूले पनि स्थानीय स्रोतमा कसरी दलितको पहुँच बृद्धि गर्नुको सट्टा अन्य सपनाहरू मात्रै बाडेर आफ्नै खल्ती भर्ने गरेको देखिन्छ ।

वाग्लुङ जिल्लाको एउटा दलित भेलामा सहभागीहरूसंग स्थानीय स्रोतमा दलितले के कति फाईदा भएको छ भने वुझ्न खोज्दा त्यहाँका ४४ गाविसमध्ये कम्तीमा १५ लाख र बढीमा २४ लाखसम्म गाविस अनुदान प्राप्त गरिरहेको जानकारी भयो तर त्यसमध्ये कुनै पनि गाविसमा दलितलाई रकम विनियोजन गरेको देखिएन । कुल ८ करोड ८० लाखमध्ये दलितलाई उनीहरूको जनसंख्याको अनुपात नभए न्युनतम् रकम बिनियोजन गरी मानव बिकासमा खर्च गर्न सक्ने हो भने दलितको दिर्घकालीन विकास गर्न सकिन्छ । राज्यले दलित बालबालिकालाई छात्रवृत्तिमार्फत प्राथमिकदेखि उच्च माविसम्म प्रोत्साहित गरेको छ तर रोजगार उन्मुख अवसरहरू अत्यन्तै कम उपलब्ध भइरहेको छ । त्यस्तै उच्च तहमा अध्ययनका लागि छात्रवृत्ति वा त्यस्तै सहयोग नहुँदा सम्मानजनक रोजगारीका अवसरबाट वञ्चित भइरहेका छन् । अतः स्थानीय तहमा सरकारले उपलब्ध गराइरहेको सहयोगमा दलितले नियमित रूपबाट बजेट प्राप्त भई दिर्घकालीन मानवीय बिकासमा लगानी गर्न सके दलित उत्थानका दिनहरू टाढा हुने छैन । यसतर्फ सबै दलित जनप्रतिनिधि तथा नागरिक समाजका व्यक्तिहरू लाग्नुपर्ने आवश्यक्ता छ ।


सल्लाहकार
राजकुमार त्रिखत्री
गणेश विके देउल्याल
डा.द्रोणप्रकाश रसाली (क्यानडा)
कृष्ण सोव (अमेरिका)
रुपेश सिलवाल (बेलायत)
धनकुमारी सुनार

प्रधान सम्पादक
हीरा विश्वकर्मा

विशेष संवाददाता
गोपाल बराइली

व्यवस्थापन
अनन्त यात्री विक
उमेश राना
लालबाबु महरा
झलक विश्वकर्मा

प्रकाशक
राष्ट्रिय दलित नेटवर्क र
दलित अध्ययन तथा विकास केन्द्र

अनामनगर, काठमाडौं ।
फोन-०१-६९११६७३
नेपाल दलित इन्फोको सहभागितामा
Email: dalitnigarani@gmail.com
web: www.nepaldalitinfo.20m.com
www.pustakalaya.org


अन्त्य गरौं जातीय छुवाछूत, भेदभाव र अपमान
निर्माण गरौं नयाँ नेपालको समावेशी संविधान

# 'बोक्सी प्रथा अन्त्य होस्'

***बोक्सीको आरोपमा विभिन्न यातना र पीडा झेल्न बाध्य महिलाले नयाँ संविधानमा बोक्सी प्रथा उन्मूलनको माग गरेका छन् । तिनले बोक्सीको आरोपमा पीडा दिने व्यक्तिलाई संविधानमा हदैसम्मको सजाय गर्न समेत माग गरेका छन् ।***

काठमाडौं । फिरौना-४ सिरहाकी कुरेस्वरीदेवी मण्डललाई कस्तो संविधानमा बन्छ भन्ने थाहा छैन तर संविधानमा लेखिएपछि पीडितले न्याय पाउँछन् भन्ने उनलाई लागेको छ । उनले भनिन्, 'अबको संविधानमा बोक्सी भन्नेलाई कारबाही गर्ने कुरा लेखिनुपर्छ ।' उनीमाथि समाजले बोक्सीको आरोप लगाएको छ । बोक्सी कै आरोपमा उनलाई आफ्नै दिशा खुवाइएको छ । बलात्कारको प्रयास पनि भएको छ । बोक्सीको पीडाबाट उन्मुक्ति पाउन उनले अबको संविधानमा बोक्सी छैन भन्ने लेखिदिन सभासदहरूलाई अनुरोध पनि गरिन् ।

उनले मात्रै होइन इनरुवा सुनसरीकी जवरुन खानुन, कैलालीकी गुगुकुमारी चौधरी, सप्तरीकी सियादेवी मण्डल होस् या ललितपुरकी कल्लिकुमारी विश्वकर्मा, सबै जना बोक्सीको आरोपमा पीडित भएका छन् । उनीहरू आर्थिक रूपमा विपन्न हुन् । अबको संविधानले पीडितको अधिकार सुनिश्चित गर्छ भन्ने सुनेपछि उनीहरूसँग आशा पनि पलाएको छ । संविधानमा बोक्सी भनेर आरोप लगाउनेहरूमाथि कारबाही गर्ने व्यवस्था हुनेमा उनीहरू आशावादी छन् । महिलामाथिको हिंसाविरूद्धको अभियान अन्तर्गत मंसिर २५ मा दलित महिला संघ, सञ्चारिका समूह र केयर नेपालले आयोजना गरेको बोक्सीको आरोपमा पीडित महिला विशेष सार्वजनिक सुनुवाइ कार्यक्रममा बोक्सीको आरोप खेपिरहेका सात जनाले महिलाले आफनो पीडा सुनाएका थिए । सो सार्वजनिक सुनुवाइ कार्यक्रममा महिला, बालबालिका तथा समाज कल्याणमन्त्री सर्वदेवप्रसाद ओझाले गरिवी र चेतनाको अभावमा बोक्सी प्रथा जटिल बनेको बताए । तथापि उनले बोक्सी प्रथा उन्मूलन गर्न राज्यले खेल्नुपर्ने भूमिकाबारे केही बताएनन् । सरकारले सन् २०१० लाई महिला हिंसारहित वर्षको रूपमा मनाउने तयारी गरिरहेको छ । यसले बोक्सीको आरोप खेपिरहेका महिलाहरूको अनुहारमा चमक देखिएको थियो ।

कार्यक्रममा राष्ट्रिय महिला आयोगकी अध्यक्ष नैनकला थापाले यतिबेला राज्यले महिलाका कुरा सुन्ने जस्तो गरे पनि पीडित महिलालाई न्याय दिलाउन तत्परता नदेखाएको बताइन् । उनले दिनहुँ बोक्सीको आरोपबाट महिलाहरू पीडित हुने क्रम बढिरहेकोले कानुन बनाउने तयारी भइरहेको जानकारी दिइन् । सो कार्यक्रममा नेपाल प्रहरीका प्रवक्ता विज्ञानराज शर्मा, केयर नेपालकी इन्दु पन्त, मानव अधिकारकर्मी चरण प्रसाई, दलित सेवा संघका चक्रमान शंकर, दलित महिला संघकी दुर्गा सोव लगायतले अबको संविधान सबैको हो भन्ने अनुभूति दिलाउन सबैको अधिकार सनिश्चित गरिनुपर्नेमा जोड दिए । उनीहरूले पाठ्यक्रममा महिलाहिंसा विरोधी सामाग्रीहरू समावेश गर्न मागसमेत गरे । करिब दुई सय सहभागीमध्ये कार्यक्रममा आधाभन्दा बढी महिला सञ्चारकर्मीको सहभागिता थियो ।




## पाठक प्रतिक्रिया

### सबैको पत्रिका होस्

मैले *दलित निगरानी* नियमित रूपमा पढ्ने गरेको छु । यसमा समावेश भएका सामाग्रीहरू अत्यन्तै पठनीय छन् । सभासद् चिनारी र संविधानसभा गतिविधि राम्रो लाग्यो तर राजधानी बाहिरका गतिविधि समेटिए जस्तो लागेन । यसले उठाएका विषयवस्तु सही होलान् तर राजधानी जस्तो सुविधा सम्पन्न ठाउँमा बसेर ग्रामीण क्षेत्रका आवाज उठाउँदा यथार्थमा पुगिँदैन । त्यसकारण ग्रामीण वस्तीका घटनाहरू सार्वजनिक गर्न *दलित निगरानी* सक्षम होस् भन्ने शुभकामना ! दलित निगरानी बुझेका, हुने खाने र सुविधा सम्पन्नहरूको मात्रै पत्रिका बनेको छ । के गरिब, दुःखी र असाहयहरू *दलित निगरानी*का पाठक बन्न सक्दैनन् ? हामी सबै यसका पाठक बन्न सक्छौ भने पत्रिका सबैतिर पढ्न पाइयोस ।

**– खेममाया शिवा**
**साँखेजुङ– ७, इलाम**

### निगरानी कोशेढुंगा बनोस्

विगतका अंकहरू भन्दा नवौं अंक दलित महिलाहरूको लागि तिन पेज खर्चिएकोले झनै महत्वपुर्ण लाग्यो । दलित महिलालाई दलित आन्दोलनले समेट्नु आवश्यक छ । केही पढें लेखेका सीमित दलित र दलित सभासदहरूले मात्र उपयोग गरेको समानताका हक अधिकारको भ्रममा परेर दलित आन्दोलन धेरै माथि उठ्यो, यहाँसम्मको पहुँचमा पुग्यौं भनेर दंग परियो भने ठूलो भूल हुनेछ । *दलित निगरानी*को यो प्रयास त्यसखाले भ्रम चिर्ने एउटा कोशेढुंगा सावित हुनसक्छ ।

**– मुकुन्द क्षेत्री**
**गुल्मी**

### बधाई तथा शुभकामना



कान्तिपुर टेलिभिजनका वरिष्ठ उपसम्पादक **प्रकाशचन्द्र परियार** यस वर्षको दिनेश सेवाचार्य मानव अधिकार राष्ट्रिय पुरस्कारबाट सम्मानित हुनु भएकोमा हार्दिक बधाई तथा शुभकामना ।

**दलित निगरानी परिवार**
**अनामनगर, काठमाडौं**

# आसन, रासन र शासन

ईतिहासमै पहिलो पटक संविधानसभामा ४९ जना दलितको प्रतिनिधित्व भएको छ। संविधानसभाको निर्वाचनमा नेकपा (एमाले) ले ४८ जना दलितलाई समानुपातिक उम्मदेवार बनाएको थियो। त्यसमध्ये ११ जनालाई सभासद् बनाएको छ। एमालेको जनवर्गीय संगठन नेपाल उत्पीडित जातीय मुक्ति समाजले प्रत्यक्ष निर्वाचनतर्फ २८ र समानुपातिकतर्फ १ सय १८ जना दलितलाई उम्मेदवार बनाउन पार्टीलाई सिफारीस गरेको थियो। तर, एमालेले प्रत्यक्षतर्फ ४ र समानुपातिकतर्फ ४८ जनालाई मात्र उम्मेदवार बनाएको थियो। निर्वाचनमा मुक्ति समाजसँग सल्लाह नै नगरी एमालेले तीन जनाको नाम हटाएको थियो। त्यसबेला मुक्ति समाजले पार्टीसँग प्रगतिशील आरक्षणको लागि १० वटा निर्वाचन क्षेत्र छुट्याउन माग गरेको थियो। त्यसको बेवास्ता गरेपछि मुक्ति समाज माउँ पार्टीसँग रुष्ट समेत भएको थियो।

संविधानसभाको निर्वाचनको आधारमा मुक्ति समाज तेस्रो ठूलो दलित संगठन हो तर, समाजले आफूलाई सबैभन्दा ठूलो संगठन मानेको छ। समाजकी केन्द्रिय सदस्य शान्ति बर्माले मुक्ति समाजमा २० लाख सदस्य रहेको दाबी गरिन्। २०६० सालमा भएको पाँचौ राष्ट्रिय सम्मेलनमा १५ लाख सदस्य रहेको बिवरण पेश गरिएको थियो। उक्त सम्मेलनपछि ५ लाख सदस्य बृद्धि भएको बर्माले दाबी गरि्। तर २०६५ असार २९ र ३० गते बसेको पूर्ण बैठकमा भने अञ्चल र जिल्लाहरूमा गरी २ लाख सदस्यता बितरण गरिएको बिवरण पेश गरिएको थियो। सो बैठकसम्म ६० जिल्लामा मात्रै संगठनको सम्मेलन सकिएको बताइएको थियो।

नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक राष्ट्र हो। दुई तिहाइ जनसंख्या ओगटेको दलित समुदायलाई राज्यले सधै उपेक्षा गरेको छ। यो समाजले वर्षौदेखि दलित समुदायमाथि उत्पीडन गरेको छ। हरेक निकायमा दलित समुदायको उपस्थिति हुन सकेको छैन। त्यसैले पनि अहिले बिभिन्न राजनीतिक दलमा आवद्ध दलित जनवर्गीय संगठन र अन्य गैरसरकारी संस्थाहरूले राज्यको हरेक निकायमा समानुपातिक सहभागिताको माग गरिरहेका छन्। जातीय समता समाजले आरक्षण, नेपाल दलित राष्ट्रिय मुक्ति मोर्चाले विशेषाधिकारको नारा अगाडि सारेको छ। नेपाल उत्पीडित जातीय मुक्ति समाजले पाँचौ राष्ट्रिय सम्मेलनपछि आसन, रासन र शासनसहितको प्रगतिशील आरक्षणको कार्यनीति अघि सारेको छ। त्यसयता निरन्तर रूपमा प्रगतिशील आरक्षणको नीतिलाई अघी सारिरहेको छ। जसको परिणामस्वरूप केही साता अगाडि गठित राजनीतिक दल आवद्ध दलित जनवर्गीय संगठनहरूको साझा संयन्त्रमा आसन, रासन र शासनसहितको प्रगतिशील आरक्षणले महत्वपूर्ण स्थान पाएको छ। जसलाई समाजले ठूलै उपलब्धिको रूपमा लिएको छ।

**'आसन, रासन, शासनसहितको प्रगतिशील आरक्षण, हरेक राजनीतिक दलहरूमा समानुपातिक सहभागिता जस्ता महत्वपूर्ण सवालहरू अहिलेसम्म समेटिएका छैनन्**




समाजले संविधानसभाको निर्वाचनयता संविधानसभालाई केन्द्रित गरेर धेरै कार्यक्रमहरू सञ्चालन गरेको छ। केन्द्रदेखि जिल्ला र गाउँस्तरमा समेत संविधानसभा सम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ तर यसको कुनै आधिकारिक रेकर्ड भने केन्द्रीय कार्यालयमा छैन।

संविधानसभामा बलियो उपस्थिति भएको र सरकारको नेतृत्वसमेत एमालेले गरेको कारण मुक्ति समाजले आगामी संविधानमा दलितका सवालहरूबारे विभिन्न समितिहरूलाई सुझावसहितको मस्यौदा पेश गरेको छ। जातीय छुवाछूत उन्मुलन, जातीय छुवाछूतविरूद्धको अधिकार, आसन, रासन र शासनसहितको प्रगतिशील आरक्षणको अधिकार, समानताको अधिकारलगायत आगामी संविधानमा दलितका लागि के-के अधिकारको व्यवस्था गर्न संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ र नेकपा (एमाले) समक्ष माग पेश गरिएको थियो। तर अहिलेसम्म पेश गरिएका समितिका प्रतिवेदनहरूका यसको कुनै सुनुवाई भएको छैन। 'मुक्ति समाजले पेश गरेअनुसार खासै समेटेको छैन'- सचिवालय सदस्य गणेश विक देउल्याल भन्छन्- 'आसन, रासन, शासनसहितको प्रगतिशील आरक्षण, हरेक राजनीतिक दलहरूमा समानुपातिक सहभागिता जस्ता महत्वपूर्ण सवालहरू अहिलेसम्म समेटिएका छैनन्।'

मुक्ति समाजसहित दलितका अन्य संघ, संगठनहरुले पेश गरेको मस्यौदा बमोजिम दलितका अधिकार सुनिश्चित गर्न संविधानसभाका समितिहरू हिच्किचाएका कारण पनि राजनीतिक दलका दलित जनवर्गीय संगठनहरूलाई एकताको सूत्रमा बाँध्न बाध्य गराएको छ। संविधान नबनेसम्मका लागि बनाइएको संयन्त्रले पक्कै पनि दलितका अधिकतम् अधिकारहरू नसमेटिएसम्म एकीकृत दलित आन्दोलन गर्न सक्ने हो भने दलित समुदायलाई पाखा पारेर अगाडि जाने दुश्प्रयास कसैले गर्नेवाला छैन।

# दलित भातृ संस्थाका साझा कार्यक्रम

***राजनीतिक दलित संघ/संगठनले भावी संविधानमा समेटिनु पर्ने २० बुँदे साझा आचारसंहिता सार्वजनिक गरेका छन् । मंसिरको पहिलो साता राजधानीमा पत्रकार सम्मेलन गरी आचार संहिता सार्वजनिक गरिएको हो । दलित भातृ संस्थाहरुले दलितहरुका मुद्दा संविधानमा समावेश गराउन सडक र सदनबाट संघर्ष गर्ने प्रतिबद्धता जाहेर गरेका छन् ।***

नेपालमा क्रियाशील राजनीतिक दलित संघ संगठनहरूद्धरा कार्यगत एकताको सैद्धान्तिक मान्यता अनुरूप निर्माण भएको संयुक्त दलित आन्दोलनको कार्यसम्पादनको लागि संयुक्त राजनीतिक दलित संघ संगठनका बीच भएको २० बुँदे साझा सहमति लागु गर्न यो आचार संहिता २०६६ जारी गरिएको छ।

१. यो आचार संहिता संयुक्त दलित संघ संगठनहरूका अध्यक्षहरूद्धारा सहमत भई हस्ताक्षर गरेपछि लागु हुनेछ। यस्तो सहमति कायम रहन्जेल यस आचार संहितालाई सम्बन्धित संघ संगठनहरूका मातहतका सम्पुर्ण निकाय एवं व्यक्तिहरूले पालन गर्नुपर्ने छ।

२. संयुक्त दतिल संघ संगठनका अध्यक्ष र सो संगठनले तोकेका केन्द्रीय प्रतिनिधि गरी २ जना रहने छन्। आवश्यक ठानेमा सम्बन्धित संघ सगठनहरूले आफ्नो प्रतिनिधिहरूको हेरफेर गर्न सक्नेछन्।

३. संयुक्त दलित संघ संगठनका अध्यक्षहरूको सोही स्तरमा र प्रतिनिधिहरूको सोही स्तरमा पदीय हैसियत समान हुनेछ।

४. यस संयुक्त राजनीतिक दलित संघ संगठनको संयन्त्र हाललाई केन्द्रीय स्तरमा रहनेछ र संयुक्त दलित आन्दोलनका लागि आ-आफ्ना मातहतमा निर्देशन जारी गर्न सक्नेछन्।

५. संयुक्त दलित संघ संगठनको बैठकको अध्यक्षता चक्रीय प्रणालीका आधारमा आतिथ्य संघ संगठनका अध्यक्षको अध्यक्षतामा गर्नेछन्। एक बैठकदेखि अर्को बैठकसम्मको संयोजन बैठकले तोकेअनुसार गरिनेछ।

६. संयुक्त राजनीतिक दलित संघ संगठनहरूमध्ये कम्तिमा ५० प्रतिशत संगठनहरूको अनुरोधमा बैठक बोलाउन सकिने छ।

७. संयुक्त राजनीतिक दलित संघ संगठनको सम्पूर्ण निर्णयहरू सहमतिका आधारमा गरिनेछ। सहमति हुन नसकेमा सो विषयमा आगामी बैठकमा छलफलका आधारमा सहमतिमा पुग्ने प्रयास गरिनेछ।

८. संयुक्त राजनीतिक दलित संघ संगठनमा आबद्ध संघ संगठनहरूको उपस्थितिमा निर्णय गरिनेछ। सम्पन्न कार्यक्रमहरूको हरेक बैठकमा समीक्षा गर्ने परम्पराको थालनी गरिनेछ।

९. संयुक्त राजनीतिक दलित संघ संगठनमा आबद्ध संघ संगठनहरूले जानकारी पाएर पनि अनुपस्थित भएको स्थितिमा निजहरूसँग परामर्श गरी आवश्यक निर्णय लिन सकिने छ।

१०. राष्ट्रिय र स्थानीयस्तरका कार्यक्रमका शिलशिलामा आबद्ध संघ संगठनहरूका बीचमा समस्या खडा भएमा केन्द्रीय स्तरमा टुंगो लगाइने छ। आवश्यकता अनुसार स्थानीय स्तरमा केन्द्रीय प्रतिनिधिहरूको उपस्थितिमा टुँगोमा पुगिनेछ।

११. कुनै पनि कार्यक्रम तथा योजना बनाउँदा साझा सहमतिका आधारमा केन्द्रमा राखिने छ।

१२. संयुक्त राजनीक दलित संघ संगठनद्धारा सचालन गरिने कार्यक्रम एवं गतिविधिको आवश्यक खर्च सहभागी घटनाहरूले सापेक्षिक बेहोर्नु पर्नेछ। सो को फर्स्यौट प्रत्येक कार्यक्रम माथिको समिक्षा बैठकका पेश गरी पारित गरिनेछ।

१३. संयुक्त राजनीतिक दलित संघ संगठनका प्रस्तावहरूको मस्यौदा तयार गर्नका लागि आवश्यकता अनुसार कार्यदल गठन गर्न सक्नेछ।

१४. संयुक्त राजनीतिक दलित संघ संगठनद्धारा आयोजित कुनै पनि कार्यक्रममा आबद्ध संघ संगठनहरूमाथि आरोप-प्रत्यारोप लगाउन पाइने छैन।

१५ संयुक्त राजनीतिक दति संघ संगठनमा आबद्ध संघ संगठनहरू साझा संघर्षका अलावा आ-आफ्ना संगठनहरूमार्फत विविध कार्यक्रम र गतिविधि गर्न स्वतन्त्र रहने छन्। तर यस्ता कार्यक्रमहरूले संयुक्त कार्यक्रमलाई ओझेलमा पर्ने नभई सहयोगीको भूमिका खेल्ने हुनुपर्नेछ।

१६. संयुक्त राजनीतिक दलित संघ संगठनमा अन्य राजनीतिक संगठनहरूलाई थप गर्न आवश्यक भएमा सहमतिका आधारमा थप गर्न सकिनेछ। तर यसरी थपिने संघ संगठनहरू राजनीतिक पार्टीको घोषित जनवर्गीय संगठन हुनुपर्नेछ।

१७. संयूक्त राजनीतिक दलित संघ संगठनका दलित सभासद् मञ्च र आवश्यकताअनुसार दलित नागरिक समाजसँग सहकार्य गर्न सक्नेछ।

१८. संयुक्त राजनीतिक दतिल संघ संवठनहरूका बीच एक आपसमा सदभाव र सुमधुर सम्बन्ध कायम राख्दै दलित समुदायमाथि भएका अमानवीय घटनाको अनुगमन मुल्यांकन गरी न्याय दिलाउन संयुक्त रूपमा पहल गरिनेछ।

१९. यस आचार संहितालाई आपसी सहमतिका आधारमा संशोधन गर्न सकिनेछ।

२०. यो संयुक्त राजनीतिक दतिल संघ संगठनको आचार संहिता आज मिति २०६६ कार्तिक २३ गतेका दिन संयूक्त बैठकबाट पारित गर्ने सहमति भयो।


## आफ्नै सूचना

दलित निगरानी तपाईंलाई कस्तो लाग्यो ? यसमा समावेस गरिएका सामाग्रीहरू कस्ता छन्। तपाईंको कुनै सुझाव वा प्रतिक्रिया भए निम्न ठेगानामा पत्राचार गर्नु होला ?

दलित निगरानी १५ दिने

अनामनगर, काठमाडौं।

फोन-०१-६९११६७३

dalitnigarani@gmail.com

# अहिलेसम्म हात लाग्यो शून्य



■ विश्वभक्त दुलाल 'आहुती'

*अहिलेसम्म पेश भएका विभिन्न समितिका अवधारणहरूले दलितको हित गर्ने सम्भावना देखिएको छैन । ती अवधारणाहरूमा गरिएको ब्यवस्थाले दलितको जीवनमा उथलपुथल ल्याउन सक्ने सम्भावना छँदै छैन । संविधानसभाका काममा दलितलाई लगभग पाखा लगाइएको छ । यदि दलितले फेरि पनि पुरानै ढर्रालाई स्वीकार गर्ने हो भने दलितका लागि नयाँ संविधान बन्नु र नबन्नुको कुनै अर्थ छैन ।*

नेपाली दलितहरूका मुख्यतः तीनवटा समस्या छन् । पहिलो हो आर्थिक । धेरै दलितहरुसँग भूमि नहुनु प्रमुख समस्या हो । बालिघरे प्रथा यसैसँग जोडिएको छ । बालीघरे प्रथामै केन्द्रित रहनु दोस्रो समस्या हो भने बढ्दो बेरोजगारी तेस्रो समस्या हो । दलितको जनसंख्याको आधारमा राज्यको नीति निर्माण तहमा उपस्थिती नहुनु र प्रशासनिक निकायमा समानुपातिक उपस्थिति नभएका कारणले दलित पछाडि परेका छन् । तेस्रो, सामाजिक समस्या हो । यो समाजमा व्याप्त छुवाछूतको कलंकको रूपमा रहेको छ । यसले नेपाली समाजलाई पछाडितिर धकेलिरहेको छ । यी तीनवटै समस्याहरू एक अर्कोसँग सम्बन्धित छन् ।

यी समस्या कसरी समाधान गर्न सकिन्छ भनेर संविधानसभाभित्र छलफल भइरहेको छ । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक, हित संक्षरण समिति, मौलिक हक तथा राज्यको निर्देशन सिद्धान्त समिति शासकीय स्वरुप निर्धारण समिति, राज्यको पुन : संरचना तथा शक्तिको बाँडफाँड समितिमा दलितका सवालहरू बढी उठ्छन् । अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक हित संरक्षण समितिले पेश गरेको प्रस्तावमा पछाडि पारिएको बहिष्करणमा पारिएको, छुवाछूत र भेदभावको अन्त्य गर्ने जस्ता कुराहरू उल्लेख गरिएको भएपनि दलितहरूका समग्र समस्यालाई सम्बोधन गर्न सकेको छैन । सीमान्तकृत को हो भनेर किटानी गर्न संविधान बनेपछि आयोग बनाइने भनिएको छ । त्यसको अर्थ संविधान बनेर पनि दलितका लागि केही हुँदैन । त्यो समितिको अवधारणले हामीलाई धेरै धैर्य गराउन सक्दैन । मौलिक अधिकार समितिको प्रतिवेदनमा सार्वजनिक र निजी दुवै क्षेत्रमा छुवाछूत गर्न नपाइने भनिएको छ । यो अत्यन्तै सकारात्मक छ । राज्य पुनःसंरचना समितिको प्रतिवेदनमा दलितको हक अधिकारका सवालमा विस्तृत छलफल भइरहेको छ । उच्च शिक्षासम्म छात्रवृद्धिसहित निःशुल्क शिक्षा, भूमिहीन दलितका लागि भूमि, राजनीतिक क्षेत्रमा समानुपातिक माथि केन्द्रमा ३ प्रतिशत र राज्यमा ५ प्रतिशत थप्ने, परम्परागत पेशाजन्य उद्योगहरूमा दलितका लागि प्राथमिकता लगायतका थप व्यवस्था हुनुपर्ने उल्लेख छ । यदि यो समितिले पेश गरेको अवधारणालाई संविधानसभाले पारित गऱ्यो भने दलितको लागि ठूलो उपलब्धि हुनेछ ।

तथापि अहिलेसम्म पेश भएका विभिन्न समितिका अवधारणहरु हेर्ने हो भने त्यसले

**दलित समुदायले अधिकार पाए भने आफ्नो अधिपत्य समाप्त हुन्छ भन्ने भ्रम उनीहरूमा छ । दलितहरूले आफ्नो अधिकार माग्दा गैरदलितको अधिकार खोसिन्छ भन्ने भ्रमले सकैंको हित गर्नेवाला छैन ।**

दलितको हित गर्छ भन्न सक्ने अवस्था छैन । यदि दलित समुदायले त्यही पुरानै ढर्रालाई स्वीकार गर्ने हो भने त दलितका लागि नयाँ संविधान बन्नुको कुनै अर्थ छैन । राज्यको पुनःसंरचना तथा राज्यको शक्ति बाँडफाँड समितिले ल्याउन लागेको प्रतिवेदनलाई पारित गर्न सकियो भने मात्रै पनि दलितका निम्ति केही हुन सक्छ । त्यसका लागि दलित सभासद्हरूको भूमिका महत्वपूर्ण रहन्छ । अधिक्तम उपलब्धी हासिल गर्नकै लागि दलित सभासद् मञ्चले साझा कार्यक्रम पनि पारित गरिसकेको छ । अब सम्पूर्ण दलित सभासद्ले संविधानसभामा एउटै आवाज उठाउनेछन् । जुनसुकै पार्टीमा आस्था राखेपनि संविधान नबनेसम्म आपसी एकतालाई कायम गर्न जरूरी छ ।

दलित नागरिक समाजको कुरा गर्ने हो भने ती दुईथरी देखिएका छन् । राजनीतिक दलका संगठनहरू पनि नागरिक समाजको आवरण धारण गर्न थालेका छन् । तैपनि अहिले ती एक कदम अगाडि बढिसकेका छन् । अबका दिनहरूमा उहाँहरूको भूमिका बढी प्रभावकारी र दवाबमूलक हुन जरूरी छ । नागरिक समाज व्यूँझनु पर्ने बेलामा व्यूझन नसकेको हो कि भन्ने लागेको छ । संविधान बनाउने र संविधानमा दलितका अधिकतम अधिकार सुनिश्चित गराउनका लागि नागरिक समाजले एक किसिमले आन्दोलन छेड्न जरूरी छ । यो बेलामा पनि नव्यूझने हो भने नागरिक समाजको विल्ला भिर्नुको कुनै औचित्य छैन ।

अर्थपूर्ण संविधान निर्माणमा राजनीतिक दल र त्यसका जनवर्गीय संगठनको भूमिका महत्वपूर्ण हुनुपर्ने हो तर विडम्बना, राजनीतिक दलहरू ब्राह्मणवादी विचारले ग्रस्त छन् । उनीहरू दलितको हित चाहदैनन् । किनभने दलित समुदायले अधिकार पाए भने आफ्नो अधिपत्य समाप्त हुन्छ भन्ने भ्रम उनीहरूमा छ, तर त्यो भ्रमलाई चिर्नुपर्छ भन्ने लाग्छ । दलितहरूले आफनो अधिकार माग्दा गैरदलितको अधिकार खोसिन्छ भन्ने भ्रमले सकैंको हित गर्नेवाला छैन । हाम्रो पार्टीले अवलम्बन गरेको विचारलाई हामीले दलितका साझा मुद्दाको रूपमा स्थापित गरिसकेका छौं । अन्तिम विन्दुसम्म पनि दलित अधिकारका लागि लड्न हामी तयार छौं । राजनीतिक दलको दलितप्रतिको व्यवहार सकारात्मक भइदिने हो भने अबको संविधानमा दलितका अधिकार सुनिश्चित हुन्छ ।

अहिलेको यो विषम् परिस्थितिमा दलित नागरिक समाज, सभासद्हरू, र राजनीतिक दलहरूका भातृ संगठनहरूको साझा मोर्चा बन्नु जरूरी छ । यदि यी तीनथरी मोर्चाले एकै चोटी आन्दोलनको आगो बाल्न सकेको खण्डमा राजनीतिक दलहरूको कान खुल्न सक्छ । अहिलेसम्म त दलहरू दलितको सवालमा निदाएको जस्तै देखिन्छ । दलहरूलाई नझकझकाएसम्म केही हुनेवाला छैन ।

*आहुती, एनेकपा (माओवादी) पोलिटव्यूरो सदस्य हुन् ।*

# संघीयतामा दलित चासो



अनन्त यात्री

**जनताले चाहेको रगत-रगत, त्यसमा पनि उही ग्रुपको रगतको घुलन हो । दलितले मागेको अन्तिम कुरा यही हो । के यो अहिले सम्भव छ ?**

राष्ट्रिय दलित नेटवर्क नेपाल र दलित *अध्ययन* तथा विकास केन्द्र काठमाडौंले 'संघीयतामा दलितको स्थान' विषयक आधार-पत्र तयार गरी पाँच जिल्लामा अन्तरक्रिया तथा जिल्ला सम्मेलन सम्पन्न गरेको छ । यो सम्मेलनले मुख्य दुईवटा उद्देश्य राखेको थियो : पहिलो, संघीयतामा दलितहरूको स्थान कसरी सुनिश्चित गर्न सकिन्छ भन्ने विषयमा तयार गरिएको आधार पत्रमाथि छलफल चलाउने र उनीहरूको सुझाव लिने अनि दोस्रो, संघीयताप्रति उनीहरूको चासो के छ बुझ्ने । पाँचवटा जिल्लामा गरिएको सम्मेलनमा तीन स्तरका बुझाइ भएका दलित अगुवाहरूको उपस्थिति रहेको थियो ।

आधार-पत्र माथिको छलफलमा भने उनीहरू विभाजित भए । **पहिलो**, सबै प्रदेशमा दलितको समानुपातिक प्रतिनिधित्वको सुनिश्चित हुनुपर्ने बताए । यसरी समानुपातिक समावेशीकरणको लागि संविधानमा नै दलितहरूको लागि आरक्षण, विशेष अधिकार तथा प्रगतिशील आरक्षणको व्यवस्था गर्नुपर्ने बताए । **दोस्रो**, जातीय रूपमा प्रान्तहरू निर्माण हुने निश्चित भएको र त्यसलाई हाम्रो प्रयासले रोक्न असम्भव भएको हुँदा दलितको पनि अलग्गै स्वायत्त प्रदेश वा उपप्रदेश बनाउने किन बहस नगर्ने ? दलितहरूको प्रदेश बन्ने सम्भावनालाई केन्द्रमा राखेर थप खोज अनुसन्धान गरी दलितहरूको बीचमा पस्कने काम तुरुन्त थाल्नु पर्छ भन्ने विचार शसक्त रूपमा उठ्यो । **तेस्रो,** दलितहरूको खास एकै क्षेत्रमा सघन बसोबास नभई देशैभरि छरिएर रहेको हुँदा उनीहरूलाई कुनै एक क्षेत्रमा स्वायत्त प्रदेश वा उपप्रदेश बनाएर सम्बोधन गर्न सकिदैन । यो प्रस्तावले सबै दलितलाई राजकीय अधिकार दिन सक्दैन साथै राज्यका सबै निकायमा समानुपातिक समावेशीकरणको कुरा पनि अरूको नेतृत्वमा सहभागी हुनुमात्र भयो ।

**कुनै एक ठाउँमा स्वायत्त राज्य दिँदा वा निर्माण गर्दा बहुसंख्यक दलित त्यो राज्यभन्दा बाहिर पारिन्छन् । त्यतिबेला अन्य जातिले दलितप्रति झन् प्रतिशोधको व्यवहार गर्छन ।**

**बहुअर्थी शब्द र नेताको बुझाइ**

नेताले बुझ्नु पर्ने पक्ष यो छ कि जनताका भाषा बहुअर्थी हुन्छन् । मुगुमा सभासद्हरू सुझाव लिन जाँदा त्यहाँका जनताले सबै गाविसहरूमा हेलिप्याडको (हेलीकप्टर) माग गरे । त्यसको अर्थ उनीहरू हेलिकप्टरमा सयल गर्न खोजेको होइन, उनीहरूले चाहेको खाद्यान्न हो । हेलिकप्टर गाउँ गाउँमा पुग्यो भने गाउँमा नै चामल पुग्छ भन्ने उनीहरूको माग हो । अर्थमा जनताका भाषालाई बुझ्नु पर्ने हुन्छ । यसैगरी दलित जनताबाट आएका सुझावलाई उनीहरूकै अर्थमा व्याख्या गरी सही उपाय सुल्झाउनु पर्ने देखिन्छ । यो अर्थमा पहिलो थरीको विचारले समानता र अन्तरघुलनमुखी बिचारको प्रतिनिधित्व गरेको छ । दलित जनताले अझै पनि सम्मानपूर्ण अन्तरघुलनबाट समस्याको समाधान होस् भन्ने चाहेको देखिन्छ । यो कुरा सत्य हो कि मानव समाजको अन्तिम गन्तव्य अन्तरघुलन नै हो । सँगसँगै यो पनि सत्य हो कि अन्तरघुलन को प्रक्रिया निकै लामो छ । यसले क्रान्तिकारी परिवर्तनको गतिलाई दिशान्तरण गरिदिन्छ । नेपाली दलितले चाहेको जस्तो छरितो र सम्मानजनक अन्तरघुलन सम्भव छैन भन्ने कुरा इतिहासले पुष्टि गरिसकेको छ । सामाजिक अन्तरघुलनको प्रक्रिया राजनीतिक क्रान्ति वा चरणले पूरा गर्न सक्दैन । यसको बृहत र सूक्ष्म सामाजिक एकाईहरू, सञ्जाल र सम्बन्धहरूमा परिवर्तन आउन जरुरी छ । यो परिवर्तनका समाज आफ्नै प्रक्रिया तथा चरणहरुमा गुज्रनु अनिवार्य छ । यो प्रक्रियालाई र सत्यलाई जनताले सजिलै बुझ्न सक्दैनन्, तर उनीहरूले चाहेको अन्तरघुलन बृहत् परिवर्तनपछिको मानवीय मूल्य तथा सम्मान सहितको नै हो । तर अहिले शुरु गर्न खोजिएको र सतहमा आएको अन्तरघुलनको मुद्दाको परिणाम विष्ट र बालीघरेको अन्तरघुलन हुन्छ अर्थात् तेल र पानीको घुलन हुन्छ । जनताले चाहेको रगत-रगत, त्यसमा पनि उही ग्रुपको रगतको घुलन हो । दलितले मागेको अन्तिम कुरा यही हो । के यो अहिले सम्भव छ ?

दोस्रो थरीको विचारले दलितभित्र र बाहिर निकै हलचल ल्याउँदै छ र ल्याउनेवाला पनि छ । यो बिचारप्रतिको पहिलो टिप्पणी दलितबाटै आएका छन । दलितहरूबाटै आएका टिप्पणीहरूको मक्सद गलत छैन । उनीहरूको चिन्ता दुईवटा विषयमा केन्द्रित छ । एउटा यसले दलित आन्दोलनको अन्तिम उद्देश्य अन्तरघुलनलाई असर पार्छ र आन्दोलन विच्छेदनतिर जान्छ । अर्को, दलित पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर रहेका छन् । उनीहरूलाई कुनै एक ठाउँमा स्वायत्त राज्य दिँदा वा निर्माण गर्दा बहुसंख्यक दलित त्यो राज्यभन्दा बाहिर पारिन्छन् । त्यतिबेला अन्य जातिले दलितप्रति झन् प्रतिशोधको व्यवहार गर्छन । यी चिन्तामध्ये पहिलो चिन्ता अन्तरघुलनको मर्मलाई बुझ्न नसक्दा आएको हो । माथि नै भनियो कि दलितले खोजेको अन्तरघुलन र शासकले गराउन खोजेको अन्तरघुलनमा आकाश जमिनको फरक छ । दलितको राज्य निर्माण गर्न सके दलितमा राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक रूपमा सशक्तीकरण र सम्पनता ल्याउँछ । जसले नयाँ र उन्नत सामाजिक तथा आर्थिक र राजनीतिक एकाईहरूको निर्माण गर्छ । ती एकाईहरूमा दलितकै नेतृत्व हुन्छ । जसले सम्मानजनक अन्तरघुलनको ढोका खोल्छ । दोस्रो, चिन्ता अत्यन्तै जायज छ । स्वायत्त राज्यमा बहुसंख्यक दलितहरू समेटिन सक्दैनन् र यदाकता प्रतिशोध पनि बढ्न सक्छ । यो अबस्थामा धेरै दलितलाई समेट्नको लागि जति सक्यो धेरै उपराज्यहरू बनाउनुपर्ने हुन्छ । प्रतिशोधलाई न्यूनीकरण गर्न बन्धुत्वप्रेमको सिद्धान्तलाई सबैले पालना गर्नुपर्ने हुन्छ । बाहिरबाट यो साम्प्रदायिक हुन्छ, दलितको राज्य माग्ने आधार नै छैन भन्ने ढङ्गका टिप्पणीहरू आएका छन् । यस्ता टिप्पणीहरू मूलतः दलितले पनि राज्य माग्ने यिनीहरू त हाम्रा आवश्यकता पूरा गर्ने वस्तुहरू हुन भन्ने सामन्ती विचारको घोतक हुन् । यस्ता कुविचारको टिप्पणी होइन प्रतिवाद गर्नु पर्छ । जनभावनाको हिसावले यी दुवै विचार एकै ठाउँमा छन् । यिनको सार दलितलाई राज्यसत्ताका मालिक बनाउनु पर्छ भन्ने नै हो । गैर-भौगोलिक राज्यको क्षेत्राधिकार र सीमाहरू कसरी तय गर्ने भन्ने विषयमा थप बहसको आवश्यक छ । सारमा दलितले अन्ततः अन्तरघुलन चाहन्छन् । त्यो अन्तर घुलनको लागि आधार तयार पार्न पनि दलितको कुनै न कुनै प्रकारका स्वायत्त राज्य आबश्यक छ भन्ने कुरा बुझ्न सकिन्छ ।

# नयाँ संविधान दलितले च्यात्नु नपरोस्

**२०२६ सालदेखि राजनीतिमा पाइला टेकेका खड्गबहादुर बस्याल, माधवकुमार नेपाल नेतृत्वको २२ दलीय गठनबन्धन सरकारका स्वास्थ्य राज्यमन्त्री हुन् । बस्याल नेपाली कांग्रेसको भातृ संस्था नेपाल दलित संघका केन्द्रीय अध्यक्ष हुन् । उनी समानुपातिक सभासद्समेत हुन् । प्रस्तुत छ, राज्यमन्त्री बस्यालसँग *दलित निगरानी* गरेको कुराकानी ः**

*स्वास्थ्य राज्यमन्त्री भएपछि के-के काम गर्नुभयो ?*

राज्यमन्त्रीको अधिकार कति पो हुन्छ र। र पनि दलित समुदायका लागि निःशुल्क उपचार र औषधिको व्यवस्था गराउने कोशिशमा छौं। ७५ वर्षभन्दा माथि र १५ वर्षभन्दा कम उमेरका नेपालीलाई निःशुल्क रूपमा औषधि उपचार गराउनुपर्छ भनेर स्वास्थ्य मन्त्रालय लागेको छ। दलितका लागि निःशुल्क औषधि उपचार गर्ने सम्बन्धमा चाडै नियमावली आउँदैछ। नियमावली आएपछि दलित समुदायका लागि ठूलो राहत मिल्नेछ।

*दलित समुदायले अपेक्षा गरेअनुसार काम गर्न सके जस्तो लाग्छ कि लाग्दैन ?*

मैले लामो समय दलित समुदायको लागि बिताएको छु। मैले धेरै पीडा पनि सहनु परेको छ। दलितका लागि समानुपातिक व्यवस्था हुनुपर्छ भनेर आवाज उठाउने मध्येको म पनि एक हू। म संवैधानिक समितिको सदस्य हू। त्यहा मैले राज्यको हरेक निकायमा दलितको प्रतिनिधित्व सुनिश्चित गर्नका लागि समानुपातिक व्यवस्था हुनुपर्ने माग पनि राखेको छु। अहिले संविधान बन्दैछ। अबको संविधान दलित समुदायका लागि कागलाई बेल पाक्यो हर्ष न विस्मात जस्तो नहोस् भनेर सचेत समेत गराइरहेको छु। दलित समुदायले संविधान च्यात्ने दिन नआओस् भनेर चेतावनी पनि दिइरहेको छु। मलाई लाग्छ, मैले सिंगो दलित समुदायले अपेक्षा गरेको जस्तो त गर्न सकेको छैन तर पदीय हैसियत अनुसार काम गरेको छु।

*अहिले नै संविधानका मस्यौदाहरू च्यात्न थालिएको छ, अबको संविधान दलित समुदायले च्यात्नु पर्ने दिन नआउला भन्न सक्ने आधारहरू छन् ?*

अबको संविधानमा दलितको अधिकार सुनिश्चित हुन्छ भन्नेमा शंका उब्जिएको छ। हामी दलित सभासद्हरू अल्पमतमा परेको हुनाले हाम्रो मागलाई लत्याउने अवस्था आउन सक्छ। त्यसकारण हामीले दलित जनवर्गीय संगठनहरूमार्फत कडा आन्दोलनको तयारी गरिरहेका छौं। अहिलेसम्म दलित समुदायले अधिकारका लागि कहिल्यै आन्दोलन गर्नु परेन। अब दलित अधिकारका लागि आन्दोलन गर्नुपर्‍यो भने कसैले रोक्न सक्दैन। हाम्रो ठूलो हिस्सा आन्दोलनमा होमिनुपर्ने स्थिति नआओस् भन्नका लागि राजनीतिक दलका शीर्ष नेतृत्व र सभासद्लाई सचेत गराइरहेका छौं।

*यति ठूलो मन्त्रिमण्डलमा तीन जना दलितको उपस्थितिलाई हेरेर समुदायले चित्त बुझाउनुपर्ने भयो, होइन ?*

केही नहुनु भन्दा केही हुनु राम्रो कुरा हो। अघिल्लो सरकारमा त एक जना दलित पनि मन्त्री थिएनन्। तथापि यति नै काफी होइन। ६० लाख दलितलाई दुई राज्य र एक सहायक मन्त्री दिइएको छ। हामीसूग दलित समुदायले धेरै अपेक्षा गरेका छन्, तर हामी केही काम गर्न सक्ने अवस्थामा छैनौं। दलितलाई काम गर्ने पूर्ण अधिकार नदिएकोले समस्या उत्पन्न भएको छ।

*दलितहरू अक्षम भएकोले पूर्ण अधिकार नदिएको हो भनिन्छ नि ?*

मलाई त त्यस्तो लाग्दैन। मन्त्रालय मात्रै नभएर सिंगो देश चलाउन सक्ने क्षमता दलितहरूको छ। मलाई 'फूल' मन्त्री दिएको भए मन्त्रालय चलाएर देखाइदिन्थे। जति जिम्मेवारी आउँछ, त्यति नै काम गर्ने हो। मैले सानो जिम्मेवारी पाएको भए पनि सरूवा, बढुवादेखि औषधि उपचारको काम लिएर जनताको घुइँचो लाग्छ, तर मैले एक्लै केही गर्ने अधिकार छैन। मलाई त्यो अधिकार दिएको भए सबैलाई चकित पार्ने काम गर्थे। अहिले पार्टीले मलाई जे जिम्मेवारी दिएको छ त्यसलाई इमान्दारिताका साथ पूरा गर्छु। पार्टीले आगामी दिनमा यो भन्दा ठूलो जिम्मेवारी दिनेछ।

*राजनीतिक दलहरूले दलितलाई भोट बैंकको रूपमा प्रयोग गरेको बताइन्छ, के तपाईंलाई त्यस्तो लाग्छ ?*

आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक क्षेत्रमा हाम्रो पहुच पुग्न सकेको छैन। सबै कुरामा कमजोर भएका कारण जसले जे दिए पनि हामी समाती हाल्छौं। त्यसकारण पनि राजनीतिक पार्टीले दलित समुदायलाई कमजोर ठानेकै हुन्। तर दलितलाई राजनीतक दलहरूले भोट ब्यांकके रूपमा प्रयोग मात्र गरेका छन् भन्न चाहिँ म सक्दिन। नागरिकको हिसाबले दलितले पनि भोट हाल्नै पर्छ। राजनीतिले नै सबै चिजको प्रयोग गर्ने भएकोले बदलिँदो चेतना राजनीतिबाटै सम्भव भएको हो। यदि विगत त्यस्तो भए पनि अब त्यसलाई दलहरूले त्याग्नैपर्छ। राजनीतिक सहभागिता उच्च बनाउन दलित जनवर्गीय संघ/संस्थाहरूले राजनीतिक दललाई दबाब चाहिँ दिनै पर्छ।

*तर दलित जनवर्गीय संघ/संगठनहरूले दलहरूलाई दबाब दिएको त पाइदैन नि ?*

हो, अहिलेसम्म दलित अधिकारका लागि हामीले कहिले पनि चक्काजाम, तोडफोड, मसालजुलुस केही पनि गरेका छैनौं। हिंसात्मक आन्दोलन नगर्नुमा हाम्रो शक्ति कमजोर छ भन्ने होइन। कसैमा यस्तो बुझाइ छ भने त्यो भ्रम मात्र हो। सकेसम्म हाम्रा मागहरू शान्तिपूर्ण तरिकाले पूरा होस् भन्ने हामी चाहन्छौं।

*तपाईंले सम्हालेको मन्त्रालयले पूर्वसांसद मनबहादुर विश्वकर्माको उपचारमा उदासीनता देखाउँदा तपाईंले कुनै पहल गर्नुभएन, किन ?*



**खड्गबहादुर बस्याल**
**राज्यमन्त्री, स्वास्थ्य तथा जनसंख्या**

साधारण व्यक्तिले पाए सरहको सहयोग र उच्च कोटिको व्यक्तिले पाउने गरेको सहयोगको बिबरण हामीसूग छ। सामान्य व्यक्तिले पनि ४/५ लाख रुपैया सहयोग पाएको रेकर्ड छ तर मनबहादुर विश्वकर्मा जस्तो व्यक्तिले १ लाख रुपैया पाउनु दलित समुदायकै लागि लज्जास्पद छ। यदि उहाँ कुनै क्षेत्री-बाहुन भएको भए उहाँको सम्पूर्ण उपचार खर्च सरकारले बेहोर्थ्यो। दलित भएकै कारण सरकारले १ लाख रुपैया दिएर झारो टार्न खोजेको छ। सरकारले दिएको राहत एकदम थोरै हो। मन्त्रिपरिषदको बैठकले यति थोरै रकम छुट्याउला भनेर मैले त कल्पनासमेत गरेको थिइन। हेर्नुस्, हामी निरीह छौं। हामीले हाम्रा प्रस्तावहरू सिधै मन्त्रिमण्डलमा पेश गर्न सक्दैनौं। त्यसैले मैले नगरे जस्तो देखिएको हो। थप राहतको लागि पहल गरिरहेको छु।

*तपाईंसँग दलित समुदायले के-के अपेक्षा गरेका होलान् जस्तो लाग्छ ?*

हामी हात खुट्टा बाधिएका मन्त्री भएका छौं। त्यही भएर पनि दलित समुदायले अपेक्षा गरेअनुसार हामीले काम गर्न नसकेको सत्य हो। ३ जना दलित मन्त्री हुँदैमा ६० लाख दलितको मुक्ति हुन पनि सक्दैन। दलित मुक्तिका लागि राज्यले समानुपातिक व्यवस्था गर्नुपर्छ। राज्यले नै स्वीकार गरेको समानुपातिक व्यवस्थालाई इमान्दारिताका साथ कार्यान्वयन गर्ने हो भने मात्रै दलितका अपेक्षा पूरा हुन सक्छन्।

# उपप्रधानदेखि सभासद्सम्म

***समाजमा व्याप्त छुवाछूतका कारण थर परिवर्तन गरेर गैरदलितको थरमा नागरिकता बनाउने दलितहरूको संख्या बढ्दै गएको छ । फलतः दलितहरूको जनसंख्या दिन प्रतिदिन कम हुँदै गएको छ । तर संविधान बनाउने जिम्मेवारी पाएका ४९ जना दलित सभासद्मध्ये एक जना यस्ता सभासद् छन्, जसले गर्वका साथ आफ्नो नामको पछाडि कामी लेख्ने गरेका छन् । उनी हुन्, नेकपा (एमाले)को तर्फबाट समानुपातिक सभासद् भएका अछामका भैरे कामी ।***



अछाममा दलित जनसंख्या धेरै नै छ। पछिल्लो जनगणना अनुसार २ लाख ३२ हजार दलितहरू उक्त जिल्लामा छन्। अछामको जनालीवण्डाली गाविसमा दलितको घनत्व अरू गाविसको तुलनामा बाक्लो छ। भैरे कामी यही गाविसका स्थायी बासिन्दा हुन्। जिल्लामा हुने दलित सम्बन्धी कार्यक्रम तथा आन्दोलनमा जनालीवण्डली कै दलितहरूकै बोलबाला छ। 'त्यहाू दलित समुदायलाई पाखा लगाएर कुनै काम गर्छु भन्ने सम्भावना छैन', उनले भने - 'दलितले जे चाह्यो त्यही हुन्छ।' दलित बाहुल्यताका कारण जनालीवण्डालीमा गैरदलितबाट दलित होइन, दलितबाट गैरदलित पीडित बन्ने गरेका छन्। उक्त गाविसका दलितहरूले प्रत्यक्ष रूपमा छुवाछूतको पीडा खेप्नु नपरेको सभासद् भैरे कामी बताउँछन्।

सभासद् कामीको परिवारले फलामका औजार निर्माणको पेशा अपनाउने गरेका छन्। उनलाई पनि फलामका काम राम्ररी आउछ। आफ्नो गाउँमा भैरेका परिवारले नै उक्त पेशामा आफूलाई समर्पित गरेका छन्। जनालीवण्डलीमा बस्ती विकास गर्ने अवसर उनकै पुर्खाहरूले पाएका थिए। जसको परिणामस्वरूप विश्वकर्माको थर जनाली जोडेर गाविसको नाम नै जनालीवण्डली राखिएको छ। 'यहाूका आदिवासी नै दलितहरु हुन् नि!' उनले भने - 'अरू त बसाइ सरेर आएका हुन्'।

२०१९ साल फागुनमा जन्मिएका सभासद् कामीले औपचारिक शिक्षा भने हासिल गरेका छैनन्। तर पनि उनी २०४३ सालमा सम्पन्न गाउु पञ्चायतको निर्वाचनमा उपप्रधानपञ्चमा निर्विरोध भएका थिए। उपप्रधानपञ्च हुदा उनमा कुनै राजनीतिक ज्ञान थिएन। ठूलाठूला पदमा गैर-दलित बस्न पाउँदा दलितले पनि बस्न पाउनुपर्छ भन्ने दलितको माग थियो। त्यहीकारण उनी उपप्रधानपञ्च भए। उपप्रधानपञ्च भए पनि उनले दलितको पक्षमा भने खासै काम गर्न सकेनन्। दलितका पक्षमा काम गर्न नसक्नुको प्रमुख कारण धेरै बजेट ब्राह्मणवादी चिन्तन र पछौटेपन हो भन्छन् उनी। उनले उपप्रधानपञ्च पाएपछि भने स्थानीय दलितहरूमा आत्मविश्वास पैदा भयो।

उनी पञ्चायतकालकै उपप्रधानपञ्च भए पनि त्यतिबेलादेखि नै कम्युनिष्टहरूसूग निकै हिमचिम बढाएका थिए। पदमै बसेर पनि उनले बहुदलीय व्यवस्थाको स्थापनाका निम्ति महत्वपूर्ण भूमिका खेले। बहुदलीय व्यवस्थाको पुनर्स्थापना भएपछि तत्कालीन नेकपा (माले) को सदस्य भए। ०४७ मा पार्टी एकतापछि उनी नेकपा(एमाले) को इलाका सचिव बनेका थिए। सालदेखि ०६२ सालसम्म उनी नेकपा (एमाले) जिल्ला कमिटी सदस्यको रूपमा क्रियाशील भए। ०६२ देखि एमालेको उनी सेती अञ्चलको सदस्य बने। २०५६ सालदेखि उनी नेपाल उत्पीडित जातीय मुक्ति समाजको केन्द्रीय सदस्य छन्। ०५४ सालमा भएको स्थानीय निर्वाचनपछि जिल्ला विकास समितिको सदस्य भएर काम गरेका भैरेको पहलमा ०५८ मा दलित एकता मञ्च बनाइएको थियो।

उनलाई नेकपा एमालेले समानुपातिक सभासद् बनाएको हो। एमालेले सभासद् बनाएका जनजातिहरू भने जातीय स्वशासनसहितको जातीय राज्य बनाउने पक्षमा छन्। संविधाननै नबनी च्यात्ने काम शुरू भएको छ, तर सभासद् भैरे कामी भने त्यसको विपक्षमा छन्। अहिले दलित समुदायका लागि पनि गैर भौगोलिक संघीय राज्य चाहिन्छ भन्ने आवाज उठ्न थालेको बेला उनले दलितको पक्षमा कुनै छुट्टै राज्य बन्ने सम्भावना देखेकै छैनन्। 'दलितका लागि संघीयता हर्ष न विस्मात भएको छ' उनले भने - 'भूगोलबिनाको राज्य र चालकबिनाको गाडी दलितका लागि उस्तै हुन्।' उनले त संविधानसभाको बैठकमा जातीय राज्यको विरोध गरेका छन्। उनको कथन छः 'दलितका लागि किन जातीय राज्य चाहियो ? जातीय राज्य बनेमा सबैभन्दा ठूलो वेफाइदा दलित समुदायकै लागि हुन्छ।' सम्पन्न र ठूला मुलुकहरू एकताका लागि अघि बढिरहेका छन् तर दुई ढुंगाकोबीचमा रहेको नेपाल विभाजन हुनु राम्रो होइन। बरू शक्ति पृथकीकरणको सिद्धान्त लागू गर्नु उपयुक्त हुने उनको तर्क छ।

इतिहासमै पहिलो पटक संविधानसभामा दलितहरूको उपस्थिति ८.७ प्रतिशत छ। यसलाई उपलब्धिको रूपमा लिन सकिन्छ तर आगामी संविधानमा दलित अधिकार अधिकतम रूपमा सुनिश्चित गराउन दलितबीच एकता अनिवार्य हुने उनको निश्कर्ष छ। अबको संविधानमा दलित अधिकार सुनिश्चित हुँदैन भन्नेमा उनलाई कुनै शंका छैन। तर कार्यान्वयन हुन सक्दछ कि सक्दैन भन्नेमा भने उनी शंकालु बन्न थालेका छन्। विगतका ऐन कानुनहरू कार्यान्वयन नहुनु नै शंका मान्नु पर्ने प्रमुख कारण हो। दलित -दलितबीचको अन्तरद्वन्द्वलाई तुरुन्तै नहटाउने हो भने दलितलाई ठूलो क्षति हुने भैरेको भनाइ छ। दलित सभासद् पार्टीको झोले मात्रै बनेकामा उनी दुखित छन्। जुनसुकै पार्टीमा आस्था राखे पनि दलितका सवालमा दलित सभासद् एक हुनुपर्ने उनी बताउँछन्। 'जुनसुकै पार्टी वा संस्थामा लागे पनि दलितको उत्पीडन उस्तै हो', उनले भने-'त्यो उत्पीडनका विरूद्ध लाग्नु ४९ जना दलित सभासद्हरूको प्रमुख दायित्व हो।'

प्रस्तुतिः गोपाल बराइली